# तथागत चरिय

र

# तेलपत्त-जातक



भिक्खु धम्म वंश
बलंबु विहार

Downloaded from http://dhamma.digital/

# तथागत चरिय

## र

(पेलपत्त-जातक)

लेखक र प्रकाशक

भिक्षु धम्म वंश बलंबुविहार

अनुवादक

वैद्य धनकृष्ण बलंबु


| | |
|---|---|
| प्रथमबार | १००० |
| एक प्रतिको | ।५० |
| बुद्धसं. | २५१६ |
| नेपल सं. | १०६२ |

मिति २०२६-२-५


Downloaded from http://dhamma.digital/

( ख )

दिवंगत माँता लानि थकुं
पिता धर्मराज वाक्य ज्यु, वहाँ
हरुबाट मेरो मानव जीवन पाएँ
र वहाँहरुकैबाट मेरो जीन्दगी
हुर्केर पछि परमोत्तम भिक्षु पद
प्राप्त गरी आनन्द अनुभव
गरी रहें। अब दिवंगत
आत्माहरूलाई निर्बा-
ण प्राप्त होस
भनि यो
पुस्त
क
प्र
का
श
ग
रें
भि
क्षु
**धम्म वंश**

Downloaded from http://dhamma.digital/

# भूमिका

भूरि पञ्ञ बुद्धको पूर्वकथा पाँचशय पचपन्न ५५५ जीवन चरित्र हरु मध्ये प्रथम खण्ड हीन्दी जातकको एकशय १०० कथाहरु मध्येबाट एक तेलपत्त-जातक र पूज्ये भन्ते धम्मवंश ज्यूले आफ्नो मनको वितर्क कालमा लेखी राख्नु भएको तथागत चरिय भन्ने आफ्नो भाषाको लेख, नेपाली भाषामा अनुवाद गर्न मलाई सुम्पिनु भएकोमा नही भन्न नसकेको कारणले


| | | |
|---|---|---|
| (१) तथागत चरिय | पृष्ठ | १ |
| (२) तेलापत्त-जातक, वर्तमान कथा | ,, | ६ |
| (३) पूर्व कथा | ,, | १० |


मैले आफ्नो राष्ट्र भाषामा अनुबाद गरेर धम्मवंश भन्तेबाट नै प्रकाशन अभिभार पनि गर्नु, भएकोले यो पुस्तक तपाईकको हातमा परेको छ। बुद्ध कालिनमा बुध्दै अरहत तथा भिक्षुहरु पनि धेरै अरहत थिए त्यस कारण उसवेला धार्मीकहरु तृष्णा क्षय तिर जोड गर्दथे ।

अब भिक्षुहरु धेरै जसो विद्वान (ग्रन्थकर्ता,) हुनु भएको देखेर भिक्षु धम्म वंश ज्यूलाई पनि लेखक हुनु सदिच्छाले गर्दा यो लेख अनुबाद पुस्तिका भएर निकलेको छ।

पुस्तिका छाप्न प्रेसमा दिएर कुनै कारण वस ४-५ दिन जान नसकेकोले त्रुति हुन गएको छ। याद गरी पढनु होला।

Downloaded from http://dhamma.digital/

| अशुद्ध | पृष्ठ लाइन् | को शुद्ध |
|---|---|---|
| शक्छँ | १—१२,१३ | शक्छुँ |
| गर | २— ७ | गरी |
| जीवाति | ३—२० | जीनाति |
| इदम्ये | ४—७ | इदम्मे |
| पठव्याँ | ४—१६ | पठब्याँ |
| परिहरेय्य | ६—२ | परिहरेय्य |
| सुने | ६—६ | सुनेर |
| हिरालाई | २—११ | हीराका लाइन जडी |
| वआए | ८–१७ | न आए |
| भूल | ६— ५ | भूत |
| देशबासि | ६—२२ | देखासि |
| प्रभाले | ६—२१ | प्रमादले |
| त्यसकै | ११—२१ | त्ये.सको |
| स्वाभाव | १२—५ | स्वभावी |

तालिका बनाउनु पऱ्यो कमा, फुलिसत:प, दाय्स हरुत धेरै बिपत्ता हुनगए। माथिका अशुद्ध सच्याएर केबल अक्षरका लाईन् लाईन् मात्र पढेर भए पनि येस पुस्तकको सारांश अवश्य बुझ्नु हुन्छ भनी मेरो विश्वास छ। अशुद्ध तिर ध्यान गरेर अनुवादकलाई नचिन्हाउनु होला ।

Downloaded from http://dhamma.digital/

## मनुषयका स्वभाव

नसुन्ने नबुझ्ने मानिसलाई उपदेश दिनुत भुईमा अमृत फाल्नु जस्तो हुन जान्छ । हात-गोड, कान-मुख मात्र स्पष्ट हुँदैमा राम्रो असल मान्छे भन्ने हैन । ज्ञान बुद्धि बिचार राम्रो असल भए मात्र मान्छेलाई असल मान्छे भनेर भन्द छ । नत्र पशु जस्तै भनेर समाजमा मान्छेलाई मान्छे नै गन्दैन । त्यसै कारणले मानिसहरूलाई पशु पंछिहरूका जातीय नाउँ राख्दछन् ।

कोहिलाई भूत । कोहिलाई प्रेत कोहिलाई बाघ भालु । बानर, श्याल, कुकुर, भेडा, खरायो, बिरालो, हाँस, कुखुरा, कौवा, इत्यादि भनेर भन्दछन् । मान्छे नरकमा गयो स्वर्गमा गयो भनेर कसैले कसैलाई पनि गएको देखेर भनी राखेको हैनन् । जिउदो मान्छेका स्वभाव देखेर अनि त्यो मान्छे मरेपछि स्वर्गमागए नरकमा गए भनेर अनुमान गर्ने कुरो हो ।

ध्यानी व्यक्तिले मान्छेका बोलि स्वभाव हिडाईमा विचार गरेर यो मान्छे राग चरित्रका, योमान्छे द्वेष चरित्रको, योमान्छे मोह चरित्रका भनेर स्पष्ट जान्दछन् । लोभी पापी धार्मी अधर्मी ज्ञानी अज्ञानी लक्षणी अलक्षणी पनि यसै प्रकारबाट जान्दछन् । दुर्गति पनि ४ किसिमका छन नरक, प्रेत, तिर्यक असुर यो ४ गति मनुष्य भन्दा तलका गतिहुन मान्छे पापी भएर नरजन्म-बाट खसे यही ४ गतीमा पुग्दछन् ।

Downloaded from http://dhamma.digital/

# प्रणिधि पूर्ण महाविहार

## बलंबुमा

### धर्म (ज:ग) मण्डल

स्थापना २०२६

कार्यकर्ताहरू यस प्रकार छन् ।

१. सभापति-धनकृष्ण । ६. सदष्य-हरि

२. उपसभापति-सुखु । ७. सदष्य-शंखलाल

३. कोषाध्यक्ष-गणेशलाल । ८. सदष्य-आशाकाजि

४. सदष्य-साहीला । ९. सदष्य-कृष्ण

५. सदष्य-धनसिं । सचिव न्हुछेराज

# तथागत चरिय

लोक=(संसार) हितका लागि आशिका गरेर राम्रो, असल शुद्ध आचरण गर्नुलाई लोकत्थ चरिय। इस्त्र-मित्र बन्धुहरू हित गर्नुका लागि आशिका गरेर राम्रो, असल शुद्ध आचरण गर्नुलाई जातत्थ चरिय र बुद्ध हुनुको आशिका गरेर राम्रो, असल शुद्ध आचरण गर्नुलाई बुद्धत्थ चरिय भनेर भन्द छन् ।

Downloaded from http://dhamma.digital/

सिद्दार्थ (सर्वार्थ सिद्ध) ज्युले आफ्नो वंशको राज्य वैभव आदिलाई पनि किञ्चित वास्ता नगरी, त्यागी भएर घनघोर बनमा गएर ६ बर्ष सम्म दुष्कर तपस्या गरी बोधिज्ञान (बुद्ध-पद) प्राप्तगरी सकेपछि बोधि-बृक्ष (पिपल रूख) को मुनि भगवान बुद्ध ध्यान मग्न भइ आनन्दमा रहँदा खेरी, ब्रम्हा, बिष्णु, महेश्वरहरु अगाडी आई प्राथना गरियो। हे भगवान प्रभू धर्मचक्र प्रवर्तन गरी वक्सियोस यदि हजुरले धर्म प्रचार गर्नु भएन भने संसारका नर-नारीहरु धर्म नजानी अधर्ममा परी नर्क लोक जानेहरु बढ्दै जाने छन्।

कोही मानिस आफसे आफ पण्डितपना भएर अभिमान गरी दन्त्य कथाहरु बनाई मिथ्या कुराहरु रफुभरि मैलेनै सबै मानिसहरुलाई खुसी पार्न सक्छु र मैले सबैलाई बसमा लिन सक्छु भनी घमण्ड गरी आफ्नो पूर्व जन्मको राम्रो फलले मलाई यस्तो सिद्धि पाएं भनेर नजानी खालि चमत्कार मात्र देखाइमा घमण्ड गरी जीवन अभिमानमा गुजारी सिध्याउने मानिसहरु बढदै जाने छन्। त्यस्तै।

धनिहरुले पनि मै धनि, मै ठूलो, मलाई कसले के गर्न सक्लान् ? भनी गरीबहरुलाई थीच- मीच गरी ब्याज लिई गर्नु सम्म अन्याय गरी धर्म-कर्ममा चेष्टा नै नगरी अन्तिममा मरण भई नर्कमा गएर दुःख भोग गर्ने मानिसहरु बढदै जाने छन्। त्यस्तै फेरी।

Downloaded from http://dhamma.digital/

रूपवन्त सुन्दरीहरुले पनि मै राम्रो म जस्तो राम्रो अरु को होला जस्तो बहना गरी रूप अभिमानमा परि मोहमा भूली बिभिध प्रकारका फेसन मात्र बदली सच्चा शोभाहरुलाई अनुहारमा खिसि गरी आफ्नो रूपले रूप वन्तहरुलाई नै बसमा लिई धर्म-कर्मलाई नजानी मनुष्य जीवन व्यर्थ पारी अन्तिममा मरण भई नर्कमा जानेहरु बढदै जाने हुन्छन् ।

त्यसै कारणले हे भगवान प्रभू धर्मचक्र प्रवर्तन गर (धर्मप्रचार गर्न) होस भनी ब्रह्मादिले राम्रो प्राथना गरेपछि भगवान बुद्धले त्यो प्राथनालाई स्वीकार गरी धर्म प्रचारमा लाग्ने निर्णय गर्नु भयो ।

ब्रह्मा, बिष्णु, महेश्वर भन्नाले संसारमा अरु ठूलो कोही पनि छैनन् भनेर मनमा भान पर्ला बुद्धको अगाडि संसारमा जति राग द्वेष मोहमा परिराख्ने ब्यक्ति, जस्तै नामी र ठूलो महाबीरै होस तापनि तिनीहरु अबुझ नै हुन आउँछन् । जबतक राग द्वेष मोहलाई हटाउन सक्ने छैन तब तक्क संसार चक्रमा परिनै राखेका हुन्छन् । देवां देब महादेव नै होस अथवा महाब्रह्मा नै होस् त्रि अग्निलाई शान्त अथवा निर्मूलै नपारीकन संसार दुःखबाट मुक्त हुने छैन र उत्तम व्यक्ति हुने छैनन् ती त्रि अग्निलाई शान्त र निर्मूल गर्नका निमित्त त्रिशरणलाई ग्रहन गरी आर्ये आष्टाङ्गिक मार्गलाई न अपनाईकन कहीले पनि मुक्त हुन शक्तैनन् । बुद्ध रत्न धर्म रत्न संघ रत्न यस त्रिरत्नको अनुशरण नगरी त्यो त्रि अग्नि शान्त तथा निर्मूल गर्नता संसारमा गाहारो कुरा ई हुन् । हाम्रा मानव जीवनमा ब्रह्मा बिष्णु महेश्वर

Downloaded from http://dhamma.digital/

भन्नाले त्यसको स्पष्ट जान्नु पर्ने कुरा हो तर शरण लिनु कुरा त अवश्य होईन ।

ब्रह्मा = शृष्टिकर्ता = माता-पिता प्रकृति
बिष्णु = माया = ममता प्रकृति
महेश्वर = संहारकर्ता = घमण्ड रीष क्रोधः प्रकृति नै हो ।

के हामी संसारका प्रकृतिलाई ईश्वर तथा महान भनेर शरण गरेर उत्तम शरण हुन जान्छन् र ? प्रकृतिलाई त जान्नु बुझ्नु मात्र हो । मानव जीवन प्रकृतिमा शरण परेर कहील्यै पनि सुधार हुने छैन । हामी संसारमा मानव भएर जन्मेर बुद्धि जीवी भएर संसारका प्रकृतिलाई जान्नु उत्तम र महान पुरुषहरुलाई गुरु मान्नु शरण पर्नु अत्यूत्तमको कुरा हुन् ।

जबसम्म हामीमा भई राखेका 'काम क्रोध मोहलाई हटाएर हाम्रो चित्त निर्मल हुन शक्तैन तबसम्म हामीहरु दुःखबाट मुक्त पनि हुन शक्तैनौं । साधारण ढंगले हामीले बुद्धलाई चिन्नु परे बुद्धको अर्को शब्द बुझ्नु हो । काम क्रोध मोह रत्ति मात्र पनि नभएकालाई बुद्ध भन्दछन् । बुद्धको सिद्धान्त प्रिय छ भने हामीले पनि त्यही काम क्रोध मोह यानी राग द्वेष मोह रूपि शत्रुलाई हनन गर्नु पर्ने अवस्था आई नै हाल्छ ।

तन्ह खस्यो सब्ब दुक्खं जीवाति
तृष्णा क्षय गर्नाले सर्व दुःखबाट मुक्त हुन्छन् ।

हामीहरुलाई दुःख दिई राखेकोनै तृष्णाले हो । त्यो तृष्णाको तीन हाँगो भएर हामीलाई प्रत्येक पाइलोमा प्रत्येक दिनमा

Downloaded from http://dhamma.digital/

प्रत्येक समयमा दुःख दीदै दुःख दीदै आईरहेको हामीले बुझ्न शक्तैनौं। तृष्णाका तीन हाँगो यस प्रकार छन्।

काम तृष्णा।
भव तृष्णा।
बिभव तृष्णा। यस तृष्णाहरुलाई नै

नमेटी कन हामी बुद्धको सिद्धान्तमा गए तापनि तथ्य फल पाउन सक्ने छैनौं। इदम्ये पुण्यं आशवक्खया वहँ होतु (भनेर जस्तो धर्म-कर्म गरेर पनि) यस धर्मको पुण्यले आश्रव क्षय होस भनी हामी बुद्धिष्टहरुका आशिका हुन्छन्। आश्रव क्षय हुँदा खेरी उक्त तृष्णा रहने छैन।

हामी मानिस भएर जन्मलिएं तथा प्रयत्न गरेर त्यस तृष्णालाई खतम गर्न सक्ने जीवन हो। हाम्रा बाहिरका शत्रु-हरुलाई खत्तम गर्नु तथा हान्नु र मार्नुलाई त्रिशूल यानि हथियार उपयोगी हुन्छन् तर हाम्रा भित्रका शत्रु (उक्त तृष्णा) लाई हान्नु र मार्नलाई बाहीरिय त्रिशूल यानि हथियार काम लाग्दैन। ज्ञानको हथियार, बुद्धिको हथियार, तथा आत्म बलको हथियार बलियो, लाग्ने हुनु पर्दछ। तसर्थ भगबान बुद्धले भन्नु भएको छ।

पथब्याँ एक रज्जेन सगस्स गमने नवा।
सब्ब लोकाधिपच्चेन सोतापति फलं वरं।

तदर्थः-- पृथ्वीका एक राज्य गर्न, स्वर्ग जानु अथवा सबै लोकको अधिकार गर्नु भन्दा स्रोतापति मार्ग फल ठूलो (उत्तम)

Downloaded from http://dhamma.digital/

हामीले बाहीर बिबिध प्रकारबाट जित्नु भन्दा आफुले आफैलाई जिताउनु महानता हो त्यहीनै महान आनन्द' महान सुख (चैन) हो । हामीले बाहीरका जस्तो सुकै पदार्थ जिते पनि यनिले पुग्यो भन्नु' र सन्तोष हुने छैन । दु:ख वाहेक सुख शान्ति दिने पनि हैन ।

हामीले शत्रु भन्दा बाहिरका ब्यक्तिहरु मात्र देख्दछौं । बाहिरका शत्रुहरुले भन्दा आन्तरीक शत्रुले मानिसलाई चौब्बर' नाश गरी आईरहेका छन् । त्यो शत्रु हो राग-शत्रु द्वेष-शत्रु मोह-शत्रु । हामीले काल (यमराजा) समेत बाहिरबाट आउने भनेर थान्दछौं । काल (यमराज) नै हामी—हामीलेनै बनाउने हामीले नै तयार पार्ने हौं । त्यही यमराजलाई हामीले त्रिशुल आदि हथियारले हनन गर्नु हुने हैन कि ज्ञान आदि बलले त्यही तृष्णा मार्न सके काललाई समेत जित्नु यस प्रकारबाट हो भनि बुद्ध-धर्मको सिद्धान्त मानिन्छ । संसार नै राग द्वेष मोहमा फसीरहेका हुन् र भगवान बुद्धले त्यही राग द्वेष मोहलाई खतम गरेर स्वयाम्बोध भएका अरुलाई पनि संसार सागरबाट मुक्त गराई दिनु भएका हुन् ।

ब्राह्मण क्षत्रि बैश्य शुद्र चार वर्ण छत्तिस जाति मानिसहरु बुद्धको सिद्धान्तमा एकै हुन् भगवान बुद्धले भन्नु भएको छ मानिस मानिसमा भेदभाव गर्नु नै कलहको वीज रोप्नु वहु पाप गर्नु हो । एकता नै ठूलो शान्ति सुख हो भन्नु भएको छ ।

Downloaded from http://dhamma.digital/

## तेलपत्र जातक

समतित्तिकं अनवसेसकं ।
तेलपत्तं यथा परिहरेटय ।
एवं सचित्तमनुरक्खे ।
पत्थमानो दिसं अगत्तपुब्बं ।

यो धर्म देशमा भगवान बुद्धले सुम्भ राष्ट्रमा सेतक भन्ने निगम संगैको एउटा बन-खण्डमा बिचरण गरी रहनु भएकी जन पद कल्याणीका बारे आज्ञा गर्नु भएको हो ।

## वर्तमान कथा

त्यस वखतमा, भगवान बुद्धले भिक्षुहरु हो ! जस्तो जनपद कल्याणी-जनपद कल्याणी नाम सुने । जनताका समुह भिड हुन आउँछन् । ती जनपद कल्याणी नाच्नु र गाउनुमा दक्ष छिन । जनपद कल्याणी नाच्तछिन, गाउँद छिन् भन्ने सुनेर फेरि पनि प्रशन्न भएर जन समूह हुल उठेर आउँदछन् ।

त्यस बेला एक पुरुष आइरहेको थियो । जुन पुरुष बाँच्न चाहन्छ, मर्नु चाहँदैन । सुख चाहन्छ, दुःख चाहँदैन । त्यस मानिसलाई यस्तो भन्दछ—हे पुरुष ! यो तेल भरि भराऊ भएको भाँडो हो यो जन समूह अथवा जनपद कल्याणी भएको ठाउँमा लिएर जानू । तिम्रो पछि-पछि एक मानिस तलवार लिएर आउने छ । कहीं अलिकति मात्रै भएपनि तेल पोखेमा त्यहाँ तिम्रो गर्धन काट्ने छ भने । भिक्षुहरू हो ! के सम्झन्छौं त्यस मानिसले त्यो तेलको भाँडोलाई लापरवाही गरेर हिंड्ला ?

लापरवाही गरेर हिंड्दैन भन्ते !

Downloaded from http://dhamma.digital/

भिक्षुहरू ! यो मैले अर्थ बुझाउनुको निमित्त उपमा दिएको मात्र हो । भावार्थ यो हो । तेलले भरि भराऊ भएको भाँडो भिक्षुहरू हो कायानु स्मृति दोस्रो नाम हो । यसकारण भिक्षुहरू ! यही जान्नु पर्‍यो कि हाम्रो कायानु स्मृतिको भावना राम्रोसंग बढोस् । यस प्रकार भगवान बुद्धले जनपद कल्याणी सूत्रको व्याख्यान गर्नु भयो ।

जनपद कल्याणीको मतलबहो जनदप भरमा कल्याणी- उत्तम । ६ शरीर दोषले मुक्त तथा पाँच उत्ताम गुणले युक्त

१. अधिक अग्ली पनि हैन ।
२. अधिक दल्ली पनि हैन ।
३. अधिक दुब्लो पनि हैन ।
४. अधिक मोटी पनि हैन ।
५. अधिक काली पनि हैन ।
६. अधिक गोरी पनि हैन ।

मनुष्य बर्णबाट बढेर दैवी वर्ण तक्क मात्र नपुगेका यस प्रकार ६ शरीर दोषले मुक्त तथा पाँच उत्तम गुण युक्त

१. उत्तम चर्म (असली छाला)
२. उत्ताम मांस (असली मासु)
३. उत्ताम नसा (असली नसा)
४. उत्ताम हाड (असली हाड)
५. उत्ताम आयु (तरूणी)

यी पाँच उत्तामबाट युक्त भएको कारण पाँच उत्तम गुणले युक्त कहलाउंछन । उनलाई बाहीरका सजधज (सिंगार) जरूरी

Downloaded from http://dhamma.digital/

पर्दैन । आफ्नै शरीरको चमकबाट नै बाहीर ढाँचा गर्नुको सत्ता आफसेआफ प्रकाश मान भई राखेका छिन् ।

उनी प्रियंगु रंगकी वा सुनहरी रंग की थीई । यो उसको छालाको रंगको उत्तामता हो । उसको हात खुत्ता तथा अनुहार लाहाको रंग जस्तो चित्रित तरह रातो मुगा जस्तो या रातो कमल जस्तो छ । यो उसको मांसको उत्तामता हो । बीसै नङ्ग र हरु तक्क पुगी राखेको मासुको संगै जहाँ जहाँ पुगीरहे वहाँ वहाँ लाहाको रसले भरी राखेको जस्तो जहाँ जहाँ मांसले युक्त वहाँ वहाँ दुधको धारको समान उसको शरीरमा नसा थिए, यो उसको नसाको उत्तामता थियो । बत्तीस दाँत सेता सेता टल र टल्कि राखेका हीरालाई राखेका जस्तै चमकदार भई राखेका छिन् । यो उनको हाडको उत्तामता हो । बीस बर्षकी भएता पनि सोह्र बर्षकी युवती जस्तै थियो, यो उनको आयुको उत्तामता हो । परमपासाविनि—पसवनं—ढंग जिसकी पस्म-(उत्तम) ढंग ६ सो परमपासाविनि । नाच्ने र गाउंनेमा उत्ताम ढंग अर्थात उसको नाच उसको गाना सबभन्दा श्रेष्ट नै थियो । अथपुरिषो आगच्छेय्य—आफ्नो मरजीले वआए । यसको मतलब यो होकि जनता बीचमा जनपद कल्याणी नाच्ने बेलामा बाह—बाह भनेर चिच्याएर ताली वजाउने चुटकी बजाउने हात हल्लाउने उफ्रने मानिसहरू निकै हुन्छन् यस्तो समाचार सुनेर राजाले जेलबाट एक मानीस दाकन पठाएर बिर्को नभएको तल—माथि उत्तिको तेलले भरि भराऊ भएको यौटा भाँडो त्यसलाई दिएर त्यो संग संगै यौटा अर्को मानिससाई तलवार दिएर त्यसलाई जहाँ जनपद कल्याणी की नाँच थिए त्यहाँ पुर्‍याउनु । यदि लापरबाहीले केवल एक थोपा मात्रै तेल पोखेता

Downloaded from http://dhamma.digital/

पनि त्यस मानिसलाई गर्दन काटनु भनेर त्यसलाई सत्ताग्र त्यहाँ लगे त्यस मानिसले मरण भयले भयभीत भएर बाच्ने इच्छाले असावधानीले त्यसले भूलेर एक पटक पनि आँखा खोलेर जनपद कल्याणी तिर हेर्न सक्दैन। यस प्रकारको भूल – पूर्वका कथा हुन्। यस सूत्रमा त छोटकरी ढंगले मात्र आएकोछ। यहाँ तल भाँडोको कायानु स्मृतिलाई उपमा दियी राखेका छन्। त्यसमा राजा कर्मको तरह सम्झनु पर्दछ। तलवार की तरह चित्ताको कलुषता। तलवार उठाउने मानिसको तरह मार। तेल पात्र हातमा लिएर गएको मानिसको तरह कायानु स्मृतिको भावना गर्ने विदर्शना--भावनामा रत्त योगाभ्यासि।

यस प्रकारले सूत्र ल्याएर भगवान बुद्धले कायानु स्मृतिको भावना गर्ने व्यक्तिहरूको लागि हातमा तेलको भाँडो लिएर जाने मानिसको तरह सावधानि—गरेर कायानु स्मृतिको भावना गर्न आवश्यक बटाउनु भयो। भिक्षुहरूले यो सूत्र र त्यसको अर्थ सुनेर यसरी भने। भन्ते ! त्यस मानिसले बडो ठूलो काम गऱ्यो जोकि विना त्यस तरह की जनपद कल्याणीलाई हेरेर तेलकै भाँडोलाई लिएरै गए।

भिक्षुहरू हो ! त्यस मानिसले बडो गाहरो काम गरेका हैनन्। त्यो कामता सजीलै थियो। किन कि ? त्यसका पछि पछि तलवार उठाई रहेका मानिस गई रहेकैछ। कारण पूर्व समयमा पण्डितहरूले प्रभावले समृतिलाई नभूलिकन बनाई राखेका दिव्य रूपलाई पनि इन्द्रियहरू चंचल बिना देशवासि राज्य प्राप्त गरेर लिए। यो कठिन कार्य थियो भनेर भगवान बुद्धले पूर्व समयको कथा व्याख्य गर्नु भयो।

Downloaded from http://dhamma.digital/

## पूर्व कथा

पूर्व समयमा बाराणसी देशमा राजा ब्रह्मदत्ताले राज्ये गरीरहेका थिए। त्यस बखत राजा ब्रह्मदत्ताका शय वटा छोराहरू थिए। शय छोराहरू मध्ये सबै भन्दा कान्छो भएर बोधिसत्व*जन्म लिए। क्रमशः बढदै बढदै त्यो युबराजा कुमार जवान भए। यस बखत राजाको दरवारमा दिनुहुँ प्रत्येक बुद्ध निमन्त्रणा गरेर भोजन प्रदान गरी राखेका थिए। बोधिसत्व प्रत्येक बुद्धलाई सेवा गर्नुमा तत्पर थिए। एकदिन बोधिसत्वको मनमा यस्तो बिचार उत्पन्न भयो। मेरा दाज्यूहरू धेरै छन्। मलाई यस कुलमा राज्य पाउनेछ कि पाउदैनन्? यसकुलमा फेरी वहाँलाई यस्तो बिचार आयो कि। यो कुरा एक पल्ट प्रत्येक बुद्ध संग। सोधेर जान्नु पऱ्यो भनेर भोलि पल्ट प्रत्येक बुद्ध आफ्नो दरवारमा पुग्नासाथ पानी छान्ने धम्म करक लिई पानी छानेर प्रत्येक बुद्धको पाद धोयेर तेल मालिस गरी दिएर १२ बज्ने अगाडी नै भोजन प्रदान गरेर भोजन सिधे पछि प्रणाम गरी एकतिर बसेर यही कुरा प्रश्न गरे।

प्रत्येक बुद्धले भन्नु भयोः- यस नगरमा तिमीलाई राज्य, प्राप्त हुने छैन। बरू यहाँबाट एक शय योजन× उत्ता गन्धार राष्ट्रमा तक्षशिला भन्ने नगर छ। त्यहाँ जान सके आजका ७ दिनै भित्रैमा राज्य प्राप्त हुनेछ। बरू बाटोमा घोर जंगलबाट जानु पर्ने भएकोले खटराहरू छन्। त्यस जंगललाई छोडेर अन्तबाट घुमेर जानाले १ शय योजन र त्यहीबाट सीधा जाँदाखेरी पचास योजन हिडदैमा त्यो शहर पुगिंछ। त्यो जंगल अमनुष्य कान्तार

---

* गौतम बुद्ध हुन आउने अघिका व्यक्तिलाई बोधिसत्व भन्दछन्।
× १ योजना = ४ कोश।

Downloaded from http://dhamma.digital/

हो । त्यो बाटोमा राक्षसिहरुले घर घरका गाउँ गाउँनै बनाएर छाना माथि सुनहरी ताराहरुले सजधज गरी राखेका, देख्दैमा रमणीय चटक्क परेको, त्यसका भित्र मूल्यबान पलंग ओछ्याएर आफूहरु पनि दिब्य अलंकारले सजधज भएर बसी रहेकी, बटुवाहरुलाई देख्ने बितिकै तिनीहरुले आफ्नो मधुर स्वरले बोलाउछिन र थकाई लागे यता आएर बस्नु होस् अलि आराम गर्नु होस् चीसो पानी पिएर पाल्नु होस् भनेर मानिसहरु आउना साथ आसन दिएर आफ्नो हास बिलाशले मुग्ध गरेर आफ्नो साथ रमण गरेपछि त्यसलाई आजकल करेन्टले छोएको जस्तो चिमतेर रगत पिएर मारेरै मासु पनि खाएर सिध्याउछिन् । जसको रूपप्रति आकर्षण हुने बानी छन्, त्यसलाई रूपद्वारा भूलाएर लिन्छिन् जसको शब्द (आवाज)प्रती आकर्षण हुने बानीछ त्यसलाई मधुर गाना बाजाका आवाजबाट, जसको गन्धको प्रती आकर्षण बानीछ त्यसलाई दिब्य गन्धद्वारा जसको रसको प्रती भुल्ने बानीछ, त्यसलाई नाना प्रकारका स्वादिष्ट भोजनद्वारा ... ... फेरी जसको स्पर्शको प्रती आकर्षण हुने बानीछ त्यसलाई दुबै पती रातो रंगको टकीया भएको दिब्य शयनाशनले ग्रहन गर्दछिन् । यदि इन्द्रियहरूलाई चंचल नगरी कन स्मृतिलाई सावधानमा राखेर जान सकेता आजका सात दिन भित्रै तिमीलाई राज्य लाभ हुनेछ ।

बोधिसत्वले भन्नु भो:—भन्ते ! उनीहरू रहोस् न । अब म हजुरका उपदेश सुनेर त्यसकै प्रती हेर्नेछु र ! फेरी प्रत्येक बुद्धले परित्राण पाठ धर्मदेशमा (विशेष सूत्रहरूका पाठ) गरेर परित्त बालुवा अलिकति, परित्त जल तथा परित्त सूत्र (धागो) लिएर प्रत्येक बुद्ध तथा आमा बाबुहरूलाई प्रणाम गरेर आफु बसी राखे भवनमा गएर अरू मानिसहरुलाई भने ।

Downloaded from http://dhamma.digital/

म तक्षशिला नगरमा राज्य पाउनुको निमित्त जान लागेका छुँ। तिमीहरू यही नै बस्नु। तिनीहरू मध्ये पाँचजना मानीसहरूले भनें, हामीहरु पनि आउंछौं।

तिमिहरू आउन सक्दैन। बाटोमा राक्षशिहरू रुप आदिमा भूल्ने स्वभावहरुलाई रूप आदिबाट लोभ देखाएर भूलाएर लिएर खाई दिन्छिन्। बडो खटरा छन् रे! म ता आफ्नो मनोबल देखाएर जान लागी रहेकाछौं।

देव! के हजूरका साथ आउने हामीहरुका के रुपमा भूल्छौं र हेर्न पनि हेर्दैनौं। हामीहरु पनि हजुरकै सरह सरासर आउने छौं नि।

त्यसो भए अप्रमादि (होशियारी) भएर हिड्नु है भनेर बोधिसत्व त्यस पाँच जना मानिसलाई लिएर निस्केर सरासर हिडे। जादा जाँदा त्यही घोर जंगलमा पुग्दा खेरी राक्षशीहरु घर—घरका गाउँ—गाउँ नै बनाएर बसी राखेका थाउँमा पुगे। तिनीहरु मध्ये जो रुपमा मुग्ध हुने ब्यक्ति रुप रङ्गले आकर्षण भएर पाइलो सार्न छोडे।

बोधिसत्वले सोधेः— हे साथी किन बिस्तार गरेको हँ!

देवः—मेरो खुट्टा दुख्यो, एक पल्ट ती भवनमा एकछिन मात्र विश्राम गरेर आउनेछु।

भो! साथी तिनीहरु राक्षशीहरु हुन् तिनीहरुलाई आशा नगर।

Downloaded from http://dhamma.digital/

मालिक ! जोजस्तो होस मता अब हिंडन शक्दैनौं ।

त्यसो भए थाहा पाउलास् भनेर बोधिसत्व बाँकि चार जवान मानिस मात्र लिएर सरासर गए ।

रुपमा आकर्षित त्यस मानिस राक्षशी कहाँ गए राक्षशहरुले आफु संग रस—रमण गरेपछि उक्त प्रकारले मारेर खाई हाले । फेरी झट् पट् अगाडी गएर अर्को भवन तयार पार्न थाले । त्यस भवनमा तिनीहरु नाना प्रकारका बाजाहरु बजाई गाना गाई रहेका छिन् । त्यहाँ शब्द (नाच-गाना-सीनेमा)मा भुल्ने स्वभावका मानिस पाइला सार्न रोके ।, अघिकालाई जस्तै त्यसलाई पनि बोधिसत्वले सम्झाए तैपनि ती मानेनन् र बुझेनन् । त्यही भवनमा सुरु सुरु गए (... ...) अघिकालाई जस्तै त्यसलाई पनि मारेर खाई सिध्याएर र फेरी अगाडी गएर अर्को भवन तयार गरेर नाना प्रकारका सुगन्धले युक्त भाजनका पसल राखेर बसे । त्यहाँ सुगन्धका प्रती भुल्ने स्वभावका मानिस पाइला सार्न छोडे । त्यसलाई पनि बोधिसत्वले सम्झाय तर त्यसले पनि मानेन र बुझेनन् भवनमा बिश्राम आनन्द, आराम तिर फँसे त्यस व्यक्तिलाई पनि अघि-अघिकालाई जस्तै मारेर खाई दिए । अनि झन चाडै अगाडी बढेर भवन बनाएर फेरी नाना प्रकारका स्वादिष्ट भोजन (खाद्य पदार्थ) ले भरिएको भाँडा बर्तनहरु राखी भोजनालय (होटेल) खोली बसीरहे । त्यहाँ रसको प्रती आकर्षण हुने बानीका व्यक्ति पाइला सार्न सकेन । बोधिसत्वले सम्झाएको त (आजकाल रम ब्रान्दी हीस्की ममचा लाल मोन हरुमा पल्केका

Downloaded from http://dhamma.digital/

व्यक्तिलाई राम्रो साथी दाजु भाई आमाबाबुले दिएको उपदेश जस्तै हुन गए) त्यसले आफ्नो बानी त्याग्न नसकेर सुरू सुरू त्यही रमाइलो भवनमा आनन्द गर्न पसे, (...) त्यसलाई पनि अगाडीकै ढंगले मारेर खाई सिध्याए। अनिता झन राक्षशीहरू-लाई साहस बढ्दै आए फेरी झट्ट अगाडी गएर झन राम्रो भवन बनाएर दिव्य पलङ्ग आजकालका स्पाउनका दसना तकिया आदिहरु भन्दा कम नभएको ओछ्यानहरू ओछ्याएर बसी राखे त्यहाँ स्पर्शका प्रती आकर्षित व्यक्ति पाइला, सार्न छोडे। त्यस-लाई पनि बोधिसत्वले कति सम्झाए तर त्यस मानिस मानेन र आराम मजा तिर भूलेर फसे (...) त्यसलाई पनि मारेर खाई दिए अबत केवल बोधिसत्व एक्लै बाँकि रहे।

तब यौटी राक्षशनीले बिचार गरे त्यो बडो करारा मानिस हुन। मैले त्यसलाई पनि खाएर नै फर्किन्छु, भनेर ती राक्षशनी बोधिसत्वको पछि पछि लागे। बनको अगाडी भागमा बनमा काम गर्न आइ राखे मानिसले ती यक्षनीलाई देखेर सोधे। त्यो अगाडी–अगाडी गई रहेका मानीस तिम्रो को हो।

आर्य! वहाँ मेरी प्रिय पति हुन्। मानिसहरूले बोधिसत्व संग सोधे। भो! महाशय जी! ती सुकुमारी फूलका माला जस्तै सुन्दरी घर छाडेर तपाईकै आश्रय लिएर पछि—पछि लागेका छिन तिनलाई किन संग संगै नलीकन हिड्नु भएको?

साथो हो ती मेरी श्रीमति हैनन्। त्यो त राक्षसणी हुन्। त्यसले मेरा अरु पाँच जवान साथीहरुलाई मारेर खाई सकिए।

Downloaded from http://dhamma.digital/

महाशय जी । जब पुरुष रिसाउछ । तब आफ्नै आईमाई-लाई यक्षानी पनि भन्छ, भूतनी प्रेतनी पनि भन्दछन् नि ।

त्यस यक्षणी संग संगै लागेर जाँदा जाँदै, गर्भीनीकी नकल गरेर फेरि तुरुन्त दुरुस्त छोरोकी आमा जस्तै प्रष्ट ढंग-रङ्ग गरेर काखमा बच्चा लिएर बोधिसत्वका पछि-पछि लागे । जसले देखे पनि अघिकाले जस्तै शोद्धछ । बोधि-सत्व पनि त्यसतै प्रकारले उत्तर दिंदै गएर तक्षशिला नगर पुगे ।

ती यक्षणीले फेरी छोरोको अन्तर्ध्यान गरेर एकलै बोधिसत्वका पछि पछि लागे ।

बोधिसत्व नगर-द्वारबाट प्रवेश गरेर यौटा धर्मशाला (पाटी) मा बसे । बोधिसत्वको तेजका कारण यक्षणी भित्र प्रवेश हुन नसकी फेरी दिब्य रूप बनाएर त्यही शालाको ढोकामा उभिएर बसी रहे ।

त्यस समय दरबारबाट निक्लेर उद्यान तिर जान लागेका राजाले त्यस यक्षणीलाई देखेर त्यस प्रति अनुरक्त भएको कारण राजाले यौटा मानिस त्यस कहाँ पठाएर शोध्न लगाए कि, त्यस आईमाईको कोही लोग्ने मानिस छ कि छैन ? त्यस आईमाइ कहाँ गएर त्यस मानिसले शोधे ।— तिम्री कोही स्वामी छौ नानी ?

हे हजुर ! यस शाला भित्र बसी राखेको मेरो स्वामीहो । बोधिसत्वले भनेः-- तीत मेरी श्रीमती होइनन् । त्योत

Downloaded from http://dhamma.digital/

यक्षणी हो । तिनीले मेरा पाँच जवान मानिसहरुलाई जिउँदै मारेर खाई दिईसके ।

त्यस राज पुरुषले भनेः-- पुरुष जब स्त्री देखी रिसाएका हुन्छन् तब जे पनि भन्दछन् भनेर, राज पुरुष गएर दुबै जनाका खबर राजालाई निवेदन गरे । राजालेः-- जसका कोही स्वामी छैनन्, त्यस बस्तु राजा कै ठहरिन्छ भनेर ती रूपवती स्त्रीलाई बोलाएर यौटा हात्तिमा चढन लगाएर नगरमा प्रदक्षिणा, गरेर महल भित्र लगेर पतरानी (कान्छी महारानी) बनाए ।

त्यही दिन बितेर साँझ परिसके पछि स्नान गरेर सुगन्ध लेप गरी सकेपछि भोजन गरेर राजा पलङ्गमा सुते । ती कान्छी रानी पनि आफ्नो अनुकुल आहार खाएर सजधज गरी राजा संगै पलङ्गमा सुत्ते । त्यस बेला राजा रत्तीसुख अनुभव गर्न थाले । ती रानी एक पत्ती फर्केर रूनु थाले ।

राजाले शोधेः-- भद्रे किन रोएको ?

! हजुर मलाई बाटोमा देखेर ल्याइएकी हो ।

हजूरका भवनमा धेरै जना स्त्रीहरु छिन् । तिनीहरु सपत्निक स्त्रीहुन् । कुरा कानीमा मलाई भन्लान् । तिम्री आमा कहाँ ? तिम्री वाबु कहाँ ? तिम्री गोत्र के ? वा तिम्री जात के ? कसले थाहा छ ? तिमीलाई बाटोमा पाएर ल्याइएका न हो ? भनलान् । त्यस बेला मलाई टाउको नै

Downloaded from http://dhamma.digital/

समातेर भुइंमा गारेको झैं हुनु पर्ने अवस्था हुन आउला। यदि मलाई सारा राष्ट्रका ऐस्वर्य र हुकुम दिइ दिनु भए कसैले पनि यस्तो कुरा गर्न सक्ने छैनन् ।

भद्रे सारा राष्ट्रका निवासीहरुका मेरो केही अधिकार छैनन् । म त्यत्तिका स्वामी पनि हैनन् । राजा भएर फेरी त्यस्तो बिरुद्ध काम गर्नु पनि हुंदैनन् । बरु त्यस्तो कोहीले खराब काम गर्दछन् भने मात्र त्यसलाई हटाई दिनु मेरो काम हो । त्यस कारण म तिमीलाई सारा राष्ट्रका ऐश्वर्य तथा हुकुम ता दिन शक्दैनौं।

ठिक्क हो देव ! यदि राष्ट्रका नगरका शासन मलाई दिलाउन नसके जुन भवन भीत्रका मानिसहरु छन् भवन भित्र बसेकाहरु मात्र तिनीहरु सबै मेरो हुकुममा दिनु होस, यति मात्रै मलाई आज्ञा दिनु होस !

ती दिव्य स्पर्श-सुखमा चित्त टाँसेका राजाका सामर्थले, ती कुरालाई अस्वीकार गर्न सकेन। राजाले भने:—भद्रे ! ठिक्कै छ। मैले भवन भित्र रहने हरुका तिम्रो अधिकारमा दिन सक्दछौं। यतिका सम्मन त तिम्री हुकुम भो।

ती यक्षणीले, महाराज ! ठिक्कै भन्नुभो भनी राजा निदाए पछि, ती यक्ष नगर गई बहाँबाट यक्षणीहरु डाकेर त्याई आफ्नो राजालाई मारेर हाड मात्रै बाकि राखी अरु सबै नशा छाला मासु तथा रगत खाईन् । बाँकि राक्षशीहरुले मूल ढोका भित्र कति जीब-जन्तु भएका थिए कुकुर र कुखुरा

Downloaded from http://dhamma.digital/

सम्मन् सबै खाएर हाडै-हाड मात्र बाँकि गरेर छोडे ।

भोली पल्ट भवनकाढोका बन्द नै भई राखेको देखेर, बाहिरका जनताहरुले दण्डि द्वारा ढोका जबर जस्तीले खोलेर मानिसहरु भित्र पसे । भवन भित्र यस्तो भयानक घटना देखेर तिनीहरुले भन्न लागे । त्यो शाला भित्र बसी राखेको मानिसले भनेको कुरा ठिकै हो । तिनी मेरी श्रीमती हैनन् राक्षसी हो । हुँ त्योत साँचिकै रासेद्ते हो । राजाले विनाजाँच-बुझले नै आफ्नो भार्या श्रीमति (रानी नै) वनाएर लिए । त्यसैले अरु अरु पनि यक्षणीहरु डाकेर सबै सखाप पारि खाएर हिडी सके ।

बोधिसत्व त्यसदिन त्यो धर्म शालामा पसि परित्र-बालुवा आफ्नो शीरमा राखी परित्र सूत्रले आफूले आफूलाई घेरेर खडग लिएर जागृतै बसेर सूर्य उदाए ।

यता मानिसहरुले सारा राज-महललाई शुद्ध गरेर, गोबर रातो माटोले जम्मै भुई पोतेर त्यस माथि सुगन्ध आदि छरेर फुलका मालाहरु ठाउँ ठाउँमा राती धुपबाली राम्ररी राज-महल सज-धज गरी यौटा ठूलो सभा बसे । त्यो सभामा यही कुरा चर्चा गर्न ल्याए । जुन मानिसले ती दिव्य रूप धारण गरी पछि-पछि लागेकी यक्षणीलाई आफ्नो इन्द्रीय चंचल गरी, हेर्दा पनि नहेरी, अत्यन्त धृतिमान तथा ज्ञान वान ब्यक्ति वहाँ नै हुन् । त्यस प्रकारका महानु भाव व्यक्ति हाम्रो देशका

Downloaded from http://dhamma.digital/

राजा बनाउन पाए सारा जनताहरुनै सुखीहुने छन् त्यसलाई नै राजा बनाउनु पर्ला।

तब सबै अमात्यहरु तथा नगर निबासिहरुका यौटै राय गरेर, बोधिसत्वका अगाडि गएर भनें। देव यो राज्यलाई सम्भाल्नु होस् भनेर उनीहरुले दरबारमा लगेर रत्नको थूप्रो नै आशन बनाएर राखे। बोधिसत्वलाई राज्याभिषेक गरेर तक्षशिलाका राजा बनाए। बोधिसत्वले चार अगति—गामी कामलाई छोडेर, दश राज–धर्मको बिरुद्ध आचरण नगरीकन धर्मानुसार राज्य गरेर दानादि पुण्य कर्म गरी, कर्मानुसार पर-लोक भए! भगवान बुद्धले पूर्ब जन्मको यो कथा ल्याएर बुद्ध भइ सकेपछि यि कथाहरू आज्ञा गर्नु भयो।

समतित्तिकं अनव सेसकं।
तेलपत्त यथा परिहरेय्य।
एवं सचित्त मनुरक्खे।
पत्थयानो दिसं अगतपुब्बं।

जस्तो की किनारा सम्म भरिभराऊ भएको तेलका भाँडा लिएर हिड्ने, उही प्रकारले निर्बाण तिर इच्छा गर्ने' व्यक्तिका चित्त रक्षा हुनु पर्दछ।

दुन्निग्गहस्स लुहनो यत्थकामनिपातिनो।
चित्तस्स दमथो साधु चित्तं दन्तंसुखाहं।

कठिनले निग्रह गर्न शक्ने, शिघ्र गामी जहाँ तहीँ चट्ट चट्ट जान शक्ने चित्तलाई दमन गर्नु असल हो। दमन गरी

Downloaded from http://dhamma.digital/

सकेको चित्तले सुख दिन्छ ।

सुदुद्दसं सुनिपुणं यत्थ काम निपातिनो ।
चित्तस्स दमथो साधु चित्तं गुत्तं सुखावहं ।

बुद्धिमान मानिसले देख्न गाह्रारो, अत्यन्त चलाक जहाँ पनि चट्ट चट्टजाने चित्तलाई रक्षागर । सम्भाले र रक्षागरी सके-को चित्तले सुख दिन्छ ।

दूरङ्गमं एकचरं असरीरं गुहासयं ।
ये चित्तं सञ्ञमेस्सन्ति मोक्खन्ति मार बन्धनं ।

जून दूरगामी एकलै फन-फन घुम्ने निराकार गुहा शय चित्तलाई संयम गर्ने, त्यही मार बन्धनबाट मुक्त हुन्छ ।

अनवट्ठित चित्तस्स सधम्म अवि जानतो ।
परिप्लव पसादस्स पञ्ञान परिपूरति ।

जसको चित्त स्थीर छैन, जसले सद्धर्म जान्दैन, जसको चित्त प्रशन्न छैन त्यो कहील्यै पनि प्रज्ञावान हुन शक्तैन ।
किनभने जसको कर्मस्थान स्थीर छ !

फन्दनं चपलं चित्तं दुरक्खं दुन्निवारयं ।
उजुं करोति मेधावि उसुकारोव तेजनं ।

चित्र चंचल चपल छ, दूर-रक्षछ, दुर-निवार्य छ मेघावि पुरुष त्यसलाई त्यसै प्रकार शोभयाउ छ । जस्तो बाण चलाउनेले बाणलाई ।

Downloaded from http://dhamma.digital/

मातापिता दिसापुब्बा आचरिया दखिणा दिसा ।
पुत्तदारा दिसापच्छा मित्ता मचा च उतरा ।
दास कम्मकरा उध्दं समण ब्राम्हणा ।
एतादिसा नमेस्सेय्य अलमात्थो कुलेगिही ।

आमाबावु पूर्व दिशाहो गुरु दक्षिण दिशा, पुत्र स्त्री पश्चिम दिशा, दास-कमचारी तलको दिशा, श्रमण ब्राह्मण माथिका दिशा हैसियत वाला गहस्थ आफ्नो कुलमा यिनी दिशाहरु-लाई नमस्कार गर्नु ।

यहाँ त पुत्र स्त्री आदिलाई दिशाभनेर भन्दछन् ।

दिसा च तस्सो विदिसा च तस्सो ।
उध्दं अधो दस दिसा इमायो ।
कतमं दिसं तिट्ठति नागराजा ।
यमद्दसा सुपिने छब्बिसाणं ।

चार दिशाहरु र चास उपदिशाहरु, माथि र तल यस प्रकार यिनीहरु दश दिशाहून् । यो छः दाँत भएको नागराजा कुन दिशामा बस्तछ ?

यहाँ पूर्व आदि दिशाहरुलाई दिशा भन्दछन् ।

अगारिनो अन्नदपाण वत्थदा ।
अव्हासिका तम्पिदिसं वदन्ति ।
एतादिसा परमा सेत केतु ।
यं पत्वा दुक्खि सुखिनो भवन्ति ।

भोजन र वस्त्र दिने निमन्त्रणा गर्ने गहस्थहरुलाई पनि

Downloaded from http://dhamma.digital/

दिशा भनिन्छ। किनभने ? हे ! सेतकेतु त्यही दिशा परम दिशा हो । जुन प्राप्त गरेर दुक्खि सुखि हुन जान्छ ।

यहाँ निर्बाणलाई दिशा भन्दछ। यहाँ निर्बाण नै मतलब हो। त्यो क्षण तथा बिरागमा देखिन्छ। दिस्सति यसैकारण दिशा भनेको हो । सय विना शीरको संसारमा कोही मुर्ख (पृथक जन) स्वप्नामा पनि कहील्यै उता जाँदैनन् यस कारण अगत पूर्ब दिशा भनेको हो । त्यसलाई इच्छा गर्ने ब्यक्तिले कायनु स्मृतिलाई अभ्यास गर्नु पर्द छ ।

यस प्रकार शास्ताले आफ्नो उपदेशलाई निर्बाण तिर समाप्त गरेर जातकको सारांश निकाल्नु भयो।

त्यस समयको राज परिषद अहिलेको बुद्ध परिषद हुन्। राज्य प्राप्त गर्ने राजकुमार ता मै हुँ।

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# जुवारीलाई माला

खेलन्ती खेलन्ती हारे घर खेति ।
भए जती सम्पति सीध्ये केगती ।

एक पल्ट भनी खेलेर पल्किन्छ ।
शय पल्ट हारी जुवारी बिग्रीन्छ ।

बलवानमा भूलेर खेल्द छ ।
त्यही जुवामा हारेर बिग्रिन्छ ।

दोब्बर पारी धनजित्नु खोज्छ ।
चौब्बर हारी जुवारी बिग्रिन्छ ।

कोही जुवारी, दिन भःरि खेल्दछ ।
अन्ध्यारोमा गएर ज्यान फाल्दछ ।

बेकारमा जिन्दगि फाल्ने ।
उपकारमा नङ्गोनि न छोड्ने ।

---

स्मृति प्रेस
१२/३५ न्हायकन्तला टोल

Downloaded from http://dhamma.digital/